**नेपाल महाभूकम्प २०७२ अपडेट : ३४औं दिन**
**मिति : ०७२ जेठ १४**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६७६
घाइते : २१,९५३

## आवास, खाद्यान्न, शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ : पूर्व प्रम देउवा

पूर्व प्रधानमन्त्री एवं काङ्ग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले भूकम्प प्रभावितहरूको आवास, स्वास्थ्य, शिक्षा र खाद्यान्नलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नु पर्ने बताएका छन् । उनले यसको लागि सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिएका छन् । रामेछाप जिल्लाको भूकम्प प्रभावितको अवस्थाको बारेमा बुझ्न ०७२ जेठ १४ गते मन्थली आएका देउवाले यतिबेला सबैले संयमित भएर जनताको सेवामा लाग्नु पर्ने बताए ।

अहिले झण्डा बोकेर हिँड्ने समय नभएको उनले बताए । देश भयानक विपत्तिमा परेकाले अहिले सबै मिलेर यसको मुकाबला गर्नु पर्ने पूर्व प्रधानमन्त्री देउवाले बताए । अहिलेको पहिलो आवश्यकता भूकम्प प्रभावितका लागि अस्थायी आवास, खाद्यान्न, स्वास्थ्य सेवा र विद्यालय सञ्चालन रहेको देउवाको भनाइ थियो ।

कार्यक्रममा रामेछापका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद मरासिनीले रामेछापमा जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत भएको कामको बारेमा जानकारी गराएका थिए । त्यस्तै जिल्लास्थित राजनीतिक दलका प्रमुखहरूले राहत वितरणमा देखिएको समस्याको बारेमा जानकारी गराएका थिए । उनीहरूले सहयोग वितरणमा एकद्वार प्रणाली लागु गर्नुपर्नेमा जोड दिएका थिए ।

### उल्लेख्य

- भौतिक संरचनामा क्षति पुगेका नवलपरासी जिल्लाका भूकम्प पीडितले सरकारीस्तरबाट कुनै पनि राहत सुविधा नपाएको गुनासो गरेका छन् । इन्सेक पोखराद्वारा भूकम्पबाट क्षति भएको भौतिक संरचना र राहत वितरणको अवस्थाका सम्बन्धमा गरिएको अनुगमनका क्रममा भूकम्पबाट सबैभन्दा बढी प्रभावित देवचुली नपा-६ कीर्तिपुरबासीले सरकारले हालसम्म राहत प्रदान नगरेको तर केही सामाजिक सङ्घ संस्थाबाट त्रिपाल, झुल, कम्बल लगतयको राहत प्राप्त गरेको बताए ।
- वैशाख १२ को भूकम्प र त्यसपछिको पराकम्पहरूले ध्वस्त भएका भोजपुर जिल्लाको ३४ वटा सामुदायिक विद्यालयहरूमा पठनपाठनमा समस्या भएको छ । विद्यार्थीलाई खुल्ला चौरमा राखेर पढाउनुपर्ने अवस्था भएको छ ।
- सिन्धुपाल्चोक कारागारबाट एक महिनाअघि भागेका कैदी र बन्दीमध्ये तीन दिन भित्रमा दुई महिलासहित १० जना जिल्ला प्रहरी कार्यालय हेटौंडा र भीमफेदी कारागारमा सम्पर्कमा आएका छन् ।
- वैशाख २७ गते इन्सेक अनलाइनमा प्रकाशित 'घर लडेको होइन संसार ढलेको' शीर्षकमा फिचर प्रकाशित भएपछि ललितपुरको महालक्ष्मी नगरपालिका-५ की ७१ वर्षीया अम्बिका पौडेलको अस्थायी बासस्थान बनाउन विभिन्न व्यक्तिहरूले सहयोग गर्ने भएका छन् । त्यस्ता व्यक्तिहरूको सहयोगलाई इन्सेकको अगुवाइमा पौडेलको अस्थायी घर बनाउन पहल गरिएको इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले बताए ।

- भूकम्पपीडित सिन्धुपाल्चोक, इर्खु गाविस-१ का १४ वर्षीय र सोही ठाउँका १५ वर्षीय दुई बालकलाई चिनिया दुई नागरिकले काठमाडौँ लैजान खोजिरहेको अवस्थामा जेठ १४ गतेसाँगाचोक गाविसस्थित बन देउबाट प्रहरीले उद्धार गरेको छ ।
- गत वैशाख १२ आएको विनाशकारी भूकम्पबाट सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानबाट घरबारविहीन भएका मानिसहरूको अस्थायी बसोबासको व्यवस्था मध्यपुर थिमी नगरपालिकास्थित नीलबाराही जङ्गलको पश्चिममा गरिएको छ । उक्त शिविरमा भूकम्पका कारण विस्थापित सिन्धुपाल्चोकका तातोपानी गाविस फुल्पिङकट्टी , लिस्ती, मामिङ, बरुवा, माङखा घुम्थाङ गाविसका ११ सय ४ जना पीडितहरूको बसोबास रहेको छ ।
- विनाशकारी भूकम्पमा घर भत्किँदा घरले पुरिएर ओखलढुङ्गामा २० हजार किसानका २ हजार ९ सय क्वीन्टल अन्नपात पुरिएको छ । जिल्लाको २५ गाविसका घरधुरीले भण्डारण गरी राखेका मकै, कोदो, धान र आलु पुरिएको कृषि विकास कार्यालयले जनाएको छ ।

**पूर्ण विवरणका लागि** : http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline